## बैठक सख्याः ५(पाँच)

मिति २०८१/०७/२५ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

**निर्णय नं.- १(एक)**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौको पत्र संख्या ०८०।८१ च नं ४२२ मिति २०८१।०३।०५ को पत्रानुसार भारत सरकारको सहयोगमा सन्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना High Impact Community Development Projects HICDPS कार्यक्रम अन्तरगत आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० बमोजिम सिद्धार्थनगर नगरपालिका अन्तर्गत देहाय बमोजिमको सामुदायिक विद्यालयहरुमा आयोजनाहरु सन्चालनका लागि सिफारिश साथ अनुरोध गर्ने निर्णय गरियो ।

देहायः

१. भानु मा. वि., रुपन्देही लिलाराम मा.वि., सूर्यदिव मा.वि., नवदुर्गा मा.वि., बेलहिया मा.वि., भैरहवा नमूना मा.वि., खजहना आधारभूत विद्यालय, सिद्धार्थ प्रा.वि., महात्माबुद्ध मा.वि. सस्कृत विद्याश्रम माध्यमिक विद्यालय,

**निर्णय नं- २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको फोहोरमैलालाइ दिर्घकालिन रुपमा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहायः

सिद्धार्थनगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश

**मनसायपत्र/प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको अधिकारलाई नेपालको संविधानले मौलिक हकमा समावेश गर्नुको साथै संविधानको अनुसूचि ८ मा आधारभूत स्वास्थ्य र सरसफाईको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयस्तरको सरसफाई तथा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई हुने स्पष्ट व्यवस्था छ । सिद्धार्थनगर नगरपालिकाले स्थापना कालदेखिनै नगर भित्र उत्पादन हुने फोहोरमैला संकलन तथा विसर्जन कार्य गर्दै आएकोमा बढ्दो जनसंख्या र शहरीकरणको कारणले विसर्जन गर्नुपर्ने फोहोरको मात्रा दिनानुदिन बढ्दै गएको र नगरलाई स्वच्छ, सुन्दर राख्दै फोहोरको वैज्ञानिक र दिगो व्यवस्थापनका लागि स्थानीय सरकार, निजी क्षेत्र, गैरसरकारी संघ संस्था, सहकारी क्षेत्र आदि संगको सहकार्यमा फोहोरमैला व्यवस्थापन कार्य संचालन गर्न देहाय बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा मनसायपत्र/प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

१. प्रस्तावकले प्रस्ताव पेश गर्दा फोहोर उत्पादनस्थल देखिनै फोहोर विविधिकरण गरी 3R (Reduce, Reuse and Recycle) को अवधारणालाई कार्यान्वयनमा ल्याउने विधि र तरिका सहितको कार्ययोजना पेश गर्नु पर्नेछ ।
२. फोहोर व्यवस्थापनको लागि प्रस्तावक संग उपलब्ध स्रोतसाधन, जनशक्ति र परियोजना सञ्चालन गर्न नगरपालिकाबाट स्रोतसाधनको व्यवस्था गर्नुपर्ने भए सो समेत स्पष्ट उल्लेख हुनुपर्नेछ ।
३. फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जग्गा प्रस्तावकले बन्दोबस्त गरेको हुनुपर्नेछ ।
४. फोहोरमैला व्यवस्थापनमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी उत्पादनलाई नै न्यून गर्ने अवधारणा साथै संकलित फोहोर व्यवस्थापन गर्दा व्यवस्थापनस्थल तथा वातावरणमा प्रदुषण नहुने प्रबन्ध मिलाएको हुनुपर्नेछ ।
५. प्रस्तावकले परियोजना सञ्चालन गर्न सक्ने आर्थिक तथा प्राविधिक सक्षमता र परियोजनाको लाभलागत विश्लेषण वा सम्भाव्यता अध्ययन गरेको भए सो समेत पेश गर्नु पर्नेछ ।
६. फोहोरमैला संकलन कार्यमा फोहोर उत्पादन गर्ने घर, पसल, उद्योग, व्यापारिक वा अन्य प्रतिष्ठान आदिले कुनै प्रकारको शुल्क व्यहोर्नुपर्ने भए सोको प्रस्तावित दररेट पेश गर्नु पर्नेछ ।
७. परियोजना संचालनको अवधि न्यूनतम २५ वर्ष रहने गरी प्रस्ताव गरेको हुनुपर्ने साथै परियोजनाको पूर्वाधार निर्माण अवधि र संचालन हुने प्रस्तावित मिति समेत स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ ।
८. परियोजना सञ्चालन अवधिभर नगरपालिकाले तोकेको सुरक्षण/धरौटी रकम जम्मा गर्न मञ्जुर रहेको हुनु पर्नेछ ।
९. प्रस्तावकले मनसायपत्र/प्रस्ताव संगै फर्म/कम्पनी/संस्थाको दर्ता तथा नवीकरण सम्बन्धी अध्यावधिक कागजात र फोहोरमैला व्यवस्थापनमा विगतको अनुभव रहेको भए सो सम्बन्धी कागजात संलग्न गर्नु पर्नेछ ।

निर्धारित समय भित्र दर्ता भएका प्रस्तावहरु मध्ये फोहोर व्यवस्थापनको तरिका, प्रस्तावकको दायित्व, फोहोर उत्पादकबाट लिने शुल्क, नगरपालिकाले प्राप्त गर्ने लाभ समेतका आधारमा मूल्याङ्कन गरी उपयुक्त र प्रभावकारी देखिएको मनसायपत्र/प्रस्तावलाई छनोट गरिनेछ ।

मनसायपत्र/प्रस्ताव छनौट सम्बन्धी सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

निर्णय नं. - ३(तिन)

सिद्धार्थनगर नगरपालिका अन्तर्गत सिद्धार्थराजमार्गमा २०७६ सालमा सार्वजनिक नीजि साझेदारी मार्फत निर्माण सम्झौता भइ मिति २०७९।००।०० भित्र कार्य सम्पन्न गर्नुपर्नेमा कोरोना लगायतका विविध कारणले कार्य सम्पन्न हुन नसकेको हुँदा नगरसभावाट अनुमोदन हुने गरी कार्य अगाढी बढाउने निर्णय गरियो ।

निर्णय नं ४ चार

विविध

१. नगरपालिकाले कवाडीकरका लागि पटक पटक बोलपत्र आव्हान गरी आयठेक्काको सूचना प्रकाशन हुँदा कसैको आयबोलपत्र पर्न नआएको हुँदा आगामी दिनमा नगरपालिकाले अमानतमा कवाडीकर उठाउने निर्णय गरियो ।
२. नगरपालिकाले विज्ञापनकरका लागि पटक पटक बोलपत्र आव्हान गरी आय ठेक्काको सूचना प्रकाशन हुँदा कसैको आय बोलपत्र पर्न नआएको हुँदा आगामी दिनमा नगरपालिकाले अमानतमा विज्ञापन कर उठाउने निर्णय गरियो ।
३. सवारी दुर्घटना बढेको हुँदा आवश्यक स्थानहरुमा वेरिगेट व्यवस्थापन गरी राख्ने निर्णय गरियो ।